# गल्कोट नगरपालिका

## आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्य

**नगर सभाका श्रद्धेय अध्यक्ष ज्यू**

नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,

राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा सभामा उपस्थित अन्य महानुभावहरु ।

स्थानीय तहको दोस्रो निर्वाचन पश्चात गल्कोट नगरपालिका, नगरसभाको यस गरिमामय तेह्रौं अधिवेशनमा आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट पेश गर्न पाउँदा गौरवान्दित महसुस गरेको छु । आम नगरवासीहरुको अभिमतलाई कदर गर्दै न्यायपूर्ण र समृद्ध नगर निर्माण गर्ने अभियानमा निरन्तर रुपमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु । यस अवसरमा मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापना एवम् स्थानीय स्वायत्त सरकार गठन गर्नका लागि इतिहासका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु तथा निरंकुशताका विरुद्ध जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवंगतहरुप्रति भावपूर्ण श्रदान्जली प्रकट गर्दछु ।

आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, पन्ध्रौं आवधिक विकास योजना, दिगो विकासको लक्ष्य, गल्कोट नगरपालिकाको आवधिक विकास योजना, आम नागरिकका माग, आकांक्षा र नागरिकसामु गरिएका प्रतिबद्धता र नीति तथा कार्यक्रमलाई आधार मानी तर्जुमा गरिएको छ ।सीमित स्रोत साधनबाट अधिकतम र मितव्ययी परिचालन गरी न्यायपूर्ण वितरण गर्न आम नागरिक राजनितिक दल, निजी क्षेत्र, शिक्षा, कृषि क्षेत्रका विज्ञ, पत्रकार पिछडिएका एवम् सीमान्तकृत वर्गसहित सबै सरोकारवालाको प्राप्त सुझावहरुलाई समेत आधार लिएको छु ।नगर प्रमुखज्यूबाट प्रस्तुत भई पारित भएका नीति तथा कार्यक्रमलाई आधार बनाई सहभागितामूलक ढंगबाट बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अधिकतम प्रयास गरिएको छ । यस बजेट तथा कार्यक्रमको कार्यान्वनवाट नगरपालिकाले परिलक्षित गरेका उद्धेश्यहरु हासिल गर्नुका साथै राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न समेत टेवा पुग्ने विश्वास लिएको छु ।यस सन्दर्भमा बजेट तथा कार्यक्रमका उद्धेश्य र प्राथमिकताहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**

आगामी आर्थिक वर्ष ०८०/८१ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुभन्दा पहिले गत आ.व.०७८/७९ को यथार्थ आय व्यय एवम् चालु आ.व.०७९/८० को संशोधित आय-व्यय सम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक वर्ष २०७८/७९ मा यथार्थ आय**

आन्तरिक आय तर्फ रु.४ करोड ८० लाख १२ हजार ४ सय बत्तीस र पैसा अन्ठान्बे मात्र गत वर्षको संचित कोष मौज्दात सहित ।
संघीय सरकार राजस्व बाँडफाँडबाट प्राप्त रु. ९ करोड ३८ लाख ८ हजार ९ सय सतहत्तर र पैसा तेह्र ।
प्रेदश सरकार राजस्व बाँडफाँटबाट रु.१ करोड १ लाख ३६ हजार छ सय सोह्र र पैसा असी
त्यस्तै गरी संघीय सरकार वित्तीय समानीकरण अनुदानबाट रु.१२ करोड २५ लाख
संघीय सरकार सशर्त अनुदान बाट रु.३७ करोड २० लाख ५ हजार एक सय पैंतीस र पैसा त्रियानब्बे ।
प्रदेश सरकार वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड ४२ लाख २२ हजार
र सशर्त अनुदान बाट रु.५१ लाख ४७ हजार ४ सय तत्तीस
र नेपाल सरकार समपूरक अनुदान तर्फ २५ लाख ३९ हजार
नेपाल सरकार विशेष अनुदानबाट १ करोड ९१ लाख ३३ हजार एकसय अठहत्तर गरी
कुल जम्मा आय ६९ करोड ६७ लाख ८६ हजार एकसय बत्तीस र पैसा चौंतीस मात्र यथार्थ आय भएको छ ।

**आर्थिक वर्ष २०७८/७९ को यथार्थ व्यय**

क्षेत्रगत विनियोजका आधारमा चालु खर्च रु.४३ करोड ६० लाख ६४ हजार नौसय ३३ र पैसा सत्र मात्र ) तथा पूँजीगत खर्च २२ करोड २२ लाख ६ हजार आठसय चौसठ्ठी गरी कुल जम्मा रु.६५ करोड ८२ लाख ७१ हजार सातसय सन्तानब्बे र पैसा त्रिहत्तर खर्च भई रु.३ करोड ८५ लाख १४ हजार तीनसय चौतीस र पैसा त्रिहत्तर मात्र ) चालु आर्थिक वर्ष ०७९/८० मा जिम्मेवारी सरी आएको छ ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**

**अव म चालु आर्थिक वर्ष ०७९/८० को संशोधित आय व्यय विवरण तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।**

आन्तरिक आय कर दस्तुर राजस्व गत वर्षको मौज्दात समेत तर्फ रु. ५ करोड ८० लाख १४ हजार तीनसय चौंतीस मात्र)
संघीय सरकार राजस्व बाँडफाँटबाट प्राप्त रु.११ करोड १७ लाख ५० हजार
समानीकरण अनुदान रु. १३ करोड ९ लाख , सशर्त अनुदान ४० करोड ९५ लाख ३ हजार उनानब्बे )र विशेष अनुदान रु. ५० लाख )
त्यस्तै गरी प्रदेश सरकार राजस्व बाँडफाँटबाट प्राप्त हुने रु. ९७ लाख २० हजार, वित्तीय समानीकरण अनुदान रु. १ करोड ५० लाख ६९ हजार, सशर्त अनुदान रु.५० लाख र समपुरक अनुदान ५० लाख गरी कुल आय ७५ करोड ४४ लाख ५७ हजार दुईसय तेईस मात्र हुने अनुमान गरी सोही बमोजिमका विभिन्न खर्चका शीर्षकगत व्यय अनुमान गरिएको छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष ०८०/८१ को बजेटका उद्धेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई प्रविधिमा आधारित प्रणालीमा विकास गरी व्यवसायिक कृषि तथा पशुपालनमा रुपान्तरण गर्ने,
- नगर अस्पतालबाट विशिष्टीकृत सेवा मार्फत स्थानीय स्तरमै नगरवासीहरुमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बृद्धि गर्ने ।
- उत्पादन भएका कृषि उपज तथा बजार नपाएका कृषकहरुको उत्पादनको बजारीकरण गर्न न्युनतम समर्थन मूल्य कायम गरी संकलन केन्द्र वा सहकारी मार्फत खरिद गरी कृषि उत्पादनको बजार पहुँचको सुनिश्चित गर्ने ।
- चालु आर्थिक वर्षमा सुरु गरिएको शिक्षा क्षेत्र अन्तर्गत समायोजन र तहमिलान भएका विधालयका विधार्थीहरुलाई व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गर्ने
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत समुन्नत एवम् समृद्ध नगर निर्माण गर्ने अभियान संचालन गर्ने ।
- स्थानीय सिप र उत्पादनको प्रवर्द्धन, साना तथा घरेलु उद्योगको प्रवर्द्धन मार्फत आर्थिक विकास गर्ने ।
- नगरको सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी एवम् जनमैत्री बनाई जनतालाई वास्तविक सुशासनको अनुभूति दिलाउने ।
- रोजगारी तथा स्वरोजगारी मार्फत आयआर्जन वृद्धि गर्न उद्यमशिल रोजगार सिर्जना, सिप विकास गर्ने ।
- शिक्षामा समतामूलक पहुँच विस्तारका लागि प्रारम्भिक बालविकास केन्द्रको विस्तार, क्षमता विकास, बालमैत्री तथा प्रविधिमैत्री सिकाइका लागि पूर्वाधार तयार गर्ने
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको विकास, निर्माण तथा सम्भार,
- नगरपालिका प्रशासकीय भवन निर्माणको कार्यको प्रभावकारी अनुगमन गरी तिव्रता दिई तोकिएको समयमै सम्पन्न गराउने ।
- पर्यटन पुर्वाधारको विकास र विस्तार गर्ने ।
- नगरभित्रका विभिन्न समाजमा विधमान कुरिती कुसंस्कार अन्धविस्वास र विभेदजन्य घटनाहरु न्युनीकरण गर्ने ।
- नगरबासीहरुले दैनिक अनुभूति गर्ने गरी सवारी साधनको भाडादरमा मितव्ययी रुपमा एकरुपता कायम गराउन प्रयत्न गर्ने ।
- उपभोक्ताको हित संरक्षण गर्न बजार अनुगमन तथा नियमनको कार्यलाई प्रभावकारी बनाउने ।

**सभाका श्रद्धेय अध्यक्ष महोदय,**

चालु आर्थिक वर्षको संशोधित अनुमानको भन्दा आगामी वर्षको संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने बजेट सिमा घटेर आएकोले आगामी आर्थिक वर्ष ०८०/८१ को आय अनुमान घट्ने देखिन्छ । खासगरी राष्ट्रिय रुपमा देखिएको आर्थिक समस्याको असरका कारण उधोगी व्यवसायी देखि सरकारी संस्थाहरुमा पनि यसको असर परेको देखिन्छ । चालु आर्थिक वर्षमा पनि राजस्व बाँडफाँडबापतको रकम अनुमान भन्दा धेरै घटेको अवस्था छ । सीमित स्रोत साधनको परिचालन मार्फत अधिकतम लाभ प्राप्त हुने प्रयास गरी अब म आगामी आर्थिक वर्ष ०८०/८१ का लागि अनुमानित आयका

आधारमा नगरको समग्र लगानीलाई आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र र कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा विभाजन गरी क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा अगामी आर्थिक वर्षका लागी अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्दछु।

**आय तर्फ,**

संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु.११ करोड ३८ लाख

राजस्व बांडफाडबाट प्राप्त हुने रकम रु.१० करोड ९५ लाख

सशर्त अनुदान बाट रु.३६ करोड १० लाख

विशेष अनुदान बापत रु. १ करोड ५० लाख र समपुरक अनुदान ६० लाख गरी कुल जम्मा रु.६० करोड ५३ लाख मात्र ।

प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तर्फ रु.१ करोड ५१ लाख १८ हजार (राजस्व बाँडफाँटबाट रु. १ करोड ८ लाख, समपुरक अनुदान रु.५० लाख र सशर्त अनुदान रु.५० लाख गरी कुल जम्मा रु. ३ करोड ५९ लाख १८ हजार मात्र ।

आन्तरिक आय स्थानीय कर ,दस्तुरर सेवा शुल्क समेत गरी २ करोड र विविध आय गत वर्षको बैंक मौज्दात समेत रु. २ करोड गरी जम्मा रु. ४ करोड गरी कुल आय रु.६८ करोड १२ लाख १८ हजार अनुमान प्रस्ताव गरिएको छ । समग्र आयको विवरण अनुसूची १ मा संलग्न गरिएको छ ।

**सभाका श्रद्धेय अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष ०८०/८१ को लागि अनुमानित आय रु.६८ करोड १२ लाख १८ हजार मध्येबाट अनुमानित शीर्षकगत व्ययको विवरण प्रस्तुत गर्दछु ।

- कुल व्यय मध्ये चालु खर्च तर्फ ४४ करोड २१ लाख ४० हजार(६४.९० प्रतिशत) र पूँजीगत तर्फ २३ करोड ९० लाख ७८ हजार(३५.१० प्रतिशत) विनियोजन गरिएको छ ।
- नगरपालिका स्थापना भएको ७ वर्ष व्यतित हुंदा समेत नगरपालिकाको प्रशासकीय भवन नभएको अवस्थामा भवन निर्माण गरी सेवा प्रवाहमा प्रभावकारीता विकासको लागि नगर गौरबको आयोजनाको रुपमा समावेश गरी आगामी आर्थिक वर्ष २०८०/८१ मा निर्माणको कार्यलाई तिब्रता दिने गरी रु. २ करोड २० लाख बजेट विनियोजन गरेको छु ।
- नगरपालिकाको समग्र आर्थिक विकासमा टेवा पुर्‍याउन कृषि तथा पशु विकास मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न कृषि तथा बागवानी विकास क्षेत्रमा मा नगरपालिकाबाट रु.१ करोड १३ लाख ५० हजार र संघीय सरकार सशर्त तर्फ कृषि तथा पशु विकासमा रु. ५४ लाख गरी जम्मा रु.१ करोड ६७ लाख ५० हजार विनियोजन गरेको छु ।

- अर्थतन्त्रको आधारस्तम्भको रुपमा रहेको सहकारी क्षेत्रको प्रवर्द्धन गरी नगरपालिको आर्थिक विकासमा टेवा पुर्याउन आवश्यक बजेट विनियोजन गरेको छ ।
- पर्यटन प्रवर्द्धन गरी आर्थिक विकासमा टेवा पुऱ्याउन १५ लाख बजेट विनियोजन गरी विनियोजन गरेको छ ।
- आत्मनिर्भर अर्थतन्त्र विकास तथा कृषि उपजको न्युनतम समर्थन मूल्य निर्धारण गरी बजारीकरण गर्न उधम विकास तथा रोजगार प्रवर्द्धनमा रु. ३५ लाख विनियोजन गरेको छ ।
- सुरक्षित अप्रवासन परियोजना सामी कार्यक्रम संचालनको संघीय सरकार ससर्त अनुदान मार्फत रु. २३ लाख विनियोजन गरिएको छ।
- झोलुंगे पुल क्षेत्रगत विकास कार्यक्रम मा झोलुंगे पुल निर्माण गर्न रु.४० लाख विनियोजन गरिएको छ।
- श्रम तथा रोजगारी तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी सृजना र पंजीकरण सेवा प्रभावकारीताको लागि संघीय सरकार ससर्त अनुदानमार्फत रु. ८४ लाख विनियोजन गरिएको छ ।
- लघु उधम विकास कार्यक्रमको लागि सशर्त अनुदान रु.१३ लाख र नगरपालिकाबाट रु.१० लाख गरी जम्मा रु.२३ लाख विनियोजन गरेको छ ।
- सार्वजनिक निजी साझेदारीमा गल्कोट नगरपालिकाको फोहोर व्यवस्थापन गर्नको लागि रु.३० लाख बजेट विनियोजन गरेको छ ।
- युवा तथा खेलकुद विकास कार्यक्रमको लागि नगरबाट रु.१९ लाख र सशर्त अनुदाबाट रु.१० लाख गरी २९ लाख बजेट बिनियोजन गरेको छ
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण महिला, जनजाति, दलित र अपांगहरुको लक्षित कार्यक्रम तथा वालमैत्री स्थानीय शासनयुक्त नगरपालिका दिगोपनाको लागि लागि रु.५३ लाख ५० हजार र विशेष अनुदानमा लैंगिक समानता र सामाजिक समावेशीकरण तर्फ रु.५० लाग गरी जम्मा १ करोड ३ लाख ५० हजार बजेट विनियोजन गरेको छ ।
- महिलाहरुलाई आत्मनिर्भर गराउन नगर उप-प्रमुख लक्षित महिला विकास कार्यक्रम संचालनको व्यावस्था मिलाएको छ ।
- अन्तरजातीय विवाह गरी पारिवारिक बहिष्करणमा परेका जोडीहरुलाई संरक्षण गर्न बजेट विनियोजन गरेको छ ।
- ८५ वर्ष भन्दा माथिका ज्येष्ठ नागिरकहरुको विशेष सम्मानको लागि रु.८ लाख विनियोजन गरेको छ ।
- नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम विधार्थीसंग नगर प्रमुख र उपप्रमुख वडाअध्यक्ष राष्ट्रसेवक कर्मचारी र प्रहरी जस्ता अभियान संचालन गर्न बजेटको व्यवस्था गरेको छ ।

- नगर शिक्षा कार्यक्रम संचालन गरी शिक्षा क्षेत्रमा आमुल परिवर्तन ल्याउन र आधारभूत शिक्षा प्राप्त गर्ने मौलिक हकको कार्यान्वययन गर्न नगरपालिकाबाट रु.२ करोड ३३ लाख ६३ हजार र संघीय सशर्त अनुदानतर्फ रु. २८ करोड ५५ लाख गरी जम्मा रु.३० करोड ८८ लाख ६३ हजार विनियोजन गरिएको छ ।
- नगरपालिकाको स्वास्थ्य सेवामा प्रभावकारीता बृद्धिको लागि स्वास्थ्य तर्फका कार्यक्रम संचालन र नगर अस्पतालको सेवा बृद्धिका लागि नगरपालिकाबाट लागि रु.१ करोड ५२ लाख १५ हजार र संघीय सरकार सशर्त अनुदान तर्फ रु. ५ करोड ३ लाख गरी जम्मा रु.६ करोड ५५ लाख १५ हजार विनियोजन गरिएको ।
- गल्कोट नगर अस्पतालको विकास गरी सेवा प्रवाहमा सुधार गर्न रु.५७ लाख बजेट विनियोजन गरेको छु ।
- गल्कोट आंखा उपचार केन्द्र संचालनको लागि बजेटको व्यवस्था गरेको छु ।
- गर्भवती महिलाको स्वास्थ्य र पोषणमा सुधार तथा नवशिषुको पोषणको सुनिश्चित गर्न नगरप्रमुख मातृ तथा शिशु पोषण भत्ता कार्यक्रम र रिफरल भत्ता कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- विभिन्न सामुदायिक संस्था र मानव सेवा आश्रमको लागि बजेटको व्यवस्था गरेको छु ।
- कला संस्कति र साहित्यको संरक्षण विकास तथा गल्कोटका प्रतिभावान नागरिकहरुको सम्मानको कार्यक्रमको लागि आवश्यक बजेट वनियोजन गरेको छु ।
- वस्ती तथा टोल स्तरबाट प्राथमिकीकरण गरी वडा समिति बाट, वडा मार्फत विषयगतरुपमा संचालन हुने कार्यक्रमको लागि रु.४ करोड ३८ लाख विनियोजन गरेको छु ।
- नगरपालिकाभित्रका सडक बाह्रैमहिना नियमित संचालनको लागि मर्मत संभार गर्न रु.२० लाख विनियोजन गरेको छु ।
- संघ तथा प्रदेश सरकारको सहलगानीमा आयोजना तथा कार्यक्रम संचालनको लागि समपुरक कोषको लागि रु.५० लाख विनियोजन गरेको छु ।
- विभिन्न सम्भावित आयोजनाहरुको डि.पि.आर. गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- नगरपालिकाको समग्र सेवा प्रवाहमा सुधार गरी नगरबासीहरुको नगरप्रतिको विस्वासमा अभिवृद्धिप गर्न सार्वजनिक सुनुवाई, बजार अनुगमन र प्रविधिको विकासमार्फत सेवा सुधार गरी आम नगरबासीमा सुशासनको अनुभूति गराउन रु.४२ लाख ४५ हजार बजेट विनियोजन गरेको छु ।
- न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- विपदको पुर्व तयारी रोकथाम तथा पुन स्थापना तथा आपतकालीन कार्य संचालन गर्न र राहतको लागि रु.४४ लाख बजेट विनियोजन गरेको छु ।

- विपन्न परिवारहरुको स्वास्थ्य सेवामा पहुंच वृद्धि गर्न र स्वास्थ्य सेवाको सुनिश्चितता प्रदान गर्न विपन्न नागरिकहरुको परिवारको लागि स्वास्थ्य विमा गर्नको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- वडा नं.७ को मल्म स्वास्थ्य चौकी भवन निर्माणको लागि समपुरक अनुदानमा ६० लाख र नगरपालिकाबाट रु.४० लाख गरी रु.१ करोड विनियोजन गरेको छु ।
- वडा नं.१ को स्वास्थ्य चौकीको भवन निर्माणको संघीय सरकार विशेष अनुदान मार्फत रु.१ करोड विनियोजन गरेको छु ।
- ३ नं.वडा कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्ति गर्न रु.५० लाख विनियोजन गरेको छु
- नगरबासीहरुमा सुरक्षाको अनुभूति दिलाउन गल्कोटको मुख्य मुख्य टुटेका स्थानहरुमा सडक बत्ती र सिसि क्यामेरा जडानको लागि रु.१० लाख विनियोजन गरेको छु ।
- वडा नं. १ देखी ११ सम्मका नगरस्तरीय आयोजना तथा कार्यक्रम संचालन गर्ने गरी सबै वडामा समानुपातिक रुपमा रु.१ करोड ३२ लाख बजेट विनियोजन गरेको छु ।
- प्रदेश सरकारको ससर्त अनुदानमा रगेनी तोरीखोला थान मजुवा सडक स्तरोन्नतिको लागि रु.५० लाख विनियोजन गरिएको छ ।
- नेपालमा प्रसिद्ध दरमखोलाको असला माछा संरक्षणका लागि बजेट विनियोजन गरेको छु ।
- टोल विकास संस्थाहरुको माध्यमबाट नगरपालिकाको सबै बस्ती तथा टोलमा सरसफाईको विशेष अभियान संचालनमा प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- आर्थिक विकासका लागि व्यवसायिक ओखरखेती परियोजना अन्तर्गत परिपुरण र संरक्षणका लागि रु.२१ लाख बजेट विनियोजन गरेको छु ।
- विद्यालयहरुको तहमिलान र समायोजनको कारण अर्को विद्यालयमा अध्ययन गर्न जान लामो दुरी पर्ने विद्यार्थीहरुलाई तत्काल यातायात तथा छात्रबासको व्यवस्था गर्न रु.१० बजेट विनियोजन गरेको छु ।
- विद्यालयमा महिला शिक्षक प्रसुति बिदामा रहेको अवस्थामा वैकल्पिक शिक्षक व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- आधारभुत स्वास्थ्य सेवामा सम्पुर्ण नगरवासीको पहुंच पुऱ्याउन अति विपन्न नागरिकहरुलाई ग वर्गका अपांगहरुको निशुल्क स्वास्थ्य विमा कार्यक्रमको लागि रु.१५ लाख बजेट विनियोजन गरेको छु ।
- **"विद्यार्थीहरुका समस्या चाहना र इन्क्वाईरी समानधान गर्नु स्थानीय सरकारको जिम्मेवारी"** भन्ने नारासहित विद्यार्थीसंग जनप्रतिनिधि कर्मचारी र प्रहरी कार्यक्रम संचालनको लागि बजेट विनियोजन गरेको छु ।

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको बोलपत्रमार्फत कार्यान्वयन गरी निर्माण सम्पन्न हुन नसकेका अधुरो भवन निर्माणको लागि रु.३० लाख बजेट विनियोजन गरेको छु ।
- श्रमको सम्मन राष्ट्रको अभियान भन्ने अभियानलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिएको छ ।
- सामुदायिक वन परिचालनको लागि कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।
- व्यावसाय नवीकरण गर्न छुटेका व्यवसायीहरुलाई भाद्र मसान्तसम्म नवीकरण गर्दा कुनै दण्ड जरिवाना नलाग्ने तथा सीमान्तकृत समुदायका नागरिकहरुलाई आर्थिक ऐन बमोजिम कर छुट तथा सहुलियतको व्यवस्था मिलाएको छु ।
- विनियोजन भएको आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी तोकिए बमोजिम लक्ष्य प्राप्तिको लागि अनुगमन र मुल्यंकनको प्रभावकारी व्यवस्था गरिएको छ ।
- आर्थिक वर्ष ०८०/८१ का लागि आन्तरिक राजस्वतर्फ अनुमान गरिएको लक्ष्य प्राप्तिका लागि विभिन्न कर तथा गैरकर राजस्व छल्ने प्रवित्तिलाई निरुत्साहित गरी स्थलगत अनुमगन तथा प्रत्यक्ष अनुगमन गरिनेछ ।

**सम्मानित सभाका अध्यक्ष महोदय,**

आगामी आर्थिक वर्ष ०८०/८१ को वार्षिक नीति तथा कार्यक्रमले निर्देशित गरे बमोजिम यस बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्ने प्रयत्न गरिएको छ । सीमित श्रोत र साधनबाट दिगो र ठोस उपलब्धि हासिल होस भन्ने उद्धेश्यले आवश्यक्ताका आधारमा रकम विनियोजन गर्ने प्रायास गरिएको छ । आयोजना तर्जुमा मात्र महत्वपुर्ण विषय होईन यसको लक्ष्य एवं उद्धेश्य प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन, अनुगमन, मुल्याकंन तथा यथार्थ उपलब्धिको नजिक पुग्न सक्नु महत्वपुर्ण हुन्छ । यस बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण नगरबासीहरुको सकारात्मक सहयोग, सल्लाह सुझाव एवं सिर्जनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विस्वास लिएको छु ।

अन्त्यमा गल्कोट नगरपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने कार्यमा मार्गदर्शन दिने नगर प्रमुख ज्यु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यहरु, कार्यपालिका सदस्यज्युहरु,नगर सभा सदस्यज्युहरु, विषयगत समितका संयोजक तथा सदस्यज्युहरु, प्रमुख प्रशासकीय अधिकृत,लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुर सबैप्रति हार्दिक आभार प्रकट गर्दछु। यो बजेट कार्यान्वयनमा पनि सोही अनुसारको सल्लाह, सुझाव एवं सहयोगको समेत अपेक्षा व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**

..............................

फमलाल निउरे

नगर उप प्रमुख

गल्कोट नगरपालिका बागलुङ
मिति २०८०/०३/१०